Date ______
Page ______

बैठक संख्या:

आज मिति २०७८ साल असोज १७ गते आईतबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक कार्यवाहक अध्यक्ष श्री दुर्गा देवी सुनुवारज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गादेवी सुनुवार | का.वा. अध्यक्ष | |
| २ | श्री रामकाजी वाइबा | सदस्य | |
| ३ | श्री एक बहादुर खड्का | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ५ | श्री चक्रबहादुर पाखिन | सदस्य | |
| ६ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ७ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ८ | श्री यम कुमारी दमाई | सदस्य | |
| ९ | श्री जानुकाथापा मगर | सदस्य | |
| १० | श्री हिमालीमायावि.क. | सदस्य | |
| ११ | श्री गंगामायावि.क. | सदस्य | |
| १२ | श्री सुन मायाथिङ | सदस्य | |
| १३ | श्री राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्यउपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | |

Date ______
Page ______

# घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
## मिति २०७८ असोज १७ गते आईतबार
## बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. प्राकृतिक प्रकोपबाट भएको क्षति सम्बन्धमा ।

३. बाटो मर्मत सम्बन्धमा ।

४. आउँदै गरेको दशैं, तिहार, छठ, लगायत चाडपर्वहरुको शुभकामना आदान प्रदान सम्बन्धमा ।

५. प्राविधिक कर्मचारीलाई भत्ता सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरी कार्यन्वयन भएको तथा कार्यान्वियन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा वडा अध्यक्षहरुको रोहवरमा वितरा हुनेगरी पत्येक वडाको लागि गा.पाले खरिद गरेको जालीमध्ये २०/२० वटा जाली र जलस्रोत तथा सिचाई डिभिजन कार्यालय सिन्धुलीवाट प्राप्त भएको वोरा थान सय मध्ये १५/१५ वटा प्रतिवडालाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा बाटो मर्मत कार्यकोलागि सूचना प्रकाशित गरि व्याक हो लोडर भाडामा लिई वाटो मर्मत गर्ने र भाडा र ईन्धन खर्च बापतको रकम कामको मूल्यांकन गरि मर्मत सम्भार कोषबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा आउदै गरेको दशैं, तिहार, छठ पर्व लगायतका चाडपर्वहरुको उपलक्ष्यमा सम्पूर्ण जनप्रतिनीधि, राजनीतिकर्मी, शिक्षक, कर्मचारी, घ्याङलेखबासि तथा देश विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दाजुभाई शुभकामना व्यक्त गरियो ।

**निर्णय नं. ५ :-** प्रस्ताव नं. ५ माथि छलफल गर्दा पूवाधार शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई २०७८ श्रावण महिना देखि फिल्डमा काम गरे बापत ~~तपशिल बमोजिमको~~ तपशिल बमोजिमको फिल्डभत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल :

१. ईन्जिनियर छैठौं : मासिक १२०००।००

२. सव. ईन्जिनियर तथा अ.सव ईन्जिनियर : मासिक १००००।००